**अनुसूची- २**

**(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)**

ग्रामथान गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः९ | संख्याः३ | मितिः २०८३/०३/०३ |

भाग-२

ग्रामथान गाउँपालिका

शिक्षक कर्मचारी अवकास (उपदान) सेवा सञ्चालन कार्यविधि- २०८३

आज्ञाले,

नामः मुरारी प्रसाद निरौला

पदः प्रमुख प्रशासकीय अधिकृत

ग्रामथान गाउँपालिका

स्थानीय राजपत्र

खण्ड ९ संख्या ३ मिति २०८३/०३/०३

भाग-२

ग्रामथान गाउँपालिका

## शिक्षक कर्मचारी अवकास(उपादान) सेवा सञ्चालन कार्यविधि - २०८३

नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रवर्द्धन गर्न कर्मचारीहरुको उचित ब्यवस्थापन गरी समयानुकुल सेवा प्रवाह गर्न र विद्यालयको काम कारवाहीलाई सरल सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामूखी बनाउदै बिगत लामो समयदेखि विद्यालय सेवामा समर्पित भै स्थानीय निकायबाट अस्थायी राहत बालविका स.का. विद्यालय कर्मचारी र सहयोगी कर्मचारीहरुको अवकास पछि पाउने उपादान रकमलाई ब्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी ग्रामथान गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

### १. प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ :- (१) यस कार्यविधिको नाम "शिक्षक कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि सामुदायिक विद्यालयमा कार्यरत अस्थायी प्रकृतिका करार, राहत, बालविकास केन्द्रका स. का., विद्यालय कर्मचारी सहयोगीहरुमा मात्र लागू हुनेछ।

(३) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

### २. परिभाषा र व्याख्या:-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा शिक्षा ऐन, २०२८ भन्ने सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०८३ सम्झनु पर्छ।

(ग) "उपदान" कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०८३ बमोजिम हुने व्यवस्था सम्झनुपर्छ।

(घ) "कर्मचारी कल्याण कोष" भन्नाले ग्रामथान गाउँ कार्यपालिका कार्यालयले स्थापना गरेको कोष" लाई सम्झनु पर्छ

(ङ) "उपचार खर्च" भन्नाले शिक्षा नियमावलीमा उल्लेख भएको व्यवस्थालाई सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले ग्रामथान गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ)"कार्यालय" भन्नाले ग्रामथान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले गाउँपालिकाको संगठन संरचनामा रहेको महाशाखा/शाखा/उपशाखाका लागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ।

(ज) "स्थानीय निकाय" भन्नाले साविक गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई सम्झनु पर्दछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ) शिक्षक कर्मचारी" भन्नाले नेपाल सरकारबाट र स्थानीय तहबाट नियमित अनुदान प्राप्त गर्ने विद्यालयहरुमा अस्थायी करारमा कार्यरत शिक्षक, पालिका अनुदानमा कार्यरत शिक्षक, विद्यालय सहयोगी कर्मचारी, लेखा कर्मचारी, राहत शिक्षक तथा बालबिकास सहजकर्तालाई बुझाउनेछ।

परिच्छेद २

अस्थायी पदमा कार्यरत शिक्षक कर्मचारीहरुले पाउने अवकाश सुविधा सम्बन्धी व्यवस्था

३. उपादानः बीस वर्ष वा सो भन्दा बढी सेवा गरेको अस्थायी प्रकृति शिक्षक तथा कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराइ पदबाट अलग भएमा वा भविष्यमा सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा वा अवकाश दिइएमा देहायको दरले उपदान पाउने छ।

(क) समान तह र श्रेणीमा अविच्छिन्न बीस वर्ष सेवा अवधि पुरा गरेका शिक्षक कर्मचारी स.का. ले एकमुष्ट रु एक लाख उपादान रकम पाउनेछ र सो भन्दा बढी सेवा गरेको बाँकी अवधिको प्रत्येक वर्षको निमित्त खाई पाई आएको महिनाको एक चौथाई तलव बराबरको रकम थप गरिनेछ।

(ख) दफा ३ को (क) मा जेकुरा लेखिएको भए तापनि समान तह र श्रेणीमा अविच्छिन्न न्युनत्तम १५ वर्ष सेवा अवधि पुरा गरेका शिक्षक कर्मचारी स.का. ले जम्मा सेवा अवधिको प्रति वर्ष पाँच हजारको दरले उपादान रकम पाउनेछ।

(ग) विद्यालयका अस्थायी प्रकृतिका शिक्षक कर्मचारी बालविकास स.का. हरुले स्वेच्छाले अवकास लिन चाहेमा एक पटकलाई यो सुविधा दिन सक्नेछ।

माथी जे सुकै कुरा लेखिएको भएतापनि आखिरी तलब भन्नाले संघीय सरकारबाट तोकिएको तलब स्केल भन्ने बुझ्नुपर्छ।

४. बाधा अडकाउ फुकाउने:-
(१) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले आदेश पत्र जारी गरी बाधा अडकाउ फुकाउन सक्नेछ।
(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ र सोहि मिति देखी लागू हुनेछ।
५. खारेजी र बचाउ:-
(१) यो कार्यविधि साविक सामुदायिक विद्यालयमा नियुक्ति भई ग्रामथान गाउँपालिकामा समायोजन तथा दरबन्दि मिलान भई स्थानान्तर भएका शिक्षक कर्मचारीहरुमा मात्र लागू हुनेछ।
(२) कार्यबिधि नेपालको संविधान ,संघीय कानुन र अन्य प्रचलित कानूनसँग बाँझिएको हदसम्म स्वत: निष्कृय हुनेछ।
(३) संघीय ऐन कानुन बनेको हकमा सोही ऐन कानुनको अधिनमा रही सोही ऐन कानून अनुसार नबाँझिएको हदसम्म परिमार्जन गर्न सकिने छ।
(४) संघीय कानुनमा यस सम्बन्धि ऐन नियमावली जारी भएमा यो कार्यविधि स्वत: निष्कृय हुनेछ।

गाउँसभाबाट पारित मिति २०८३/०३/२९